श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### मुलुकी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः मुलुकी ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मुलुकी (आठौं संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मुलुकी ऐनको ज्यानसम्बन्धीको महलमा १३क. नम्बर थपः मुलुकी ऐन (यसपछि "मूल ऐन" भनिएको) को ज्यानसम्बन्धीको महलको १३ नम्बरपछि देहायको १३ क. नम्बर थपिएको छ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१३ क. नं. ॥ ॥ यसै महलको १३ नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि ज्यान मार्ने मनसाय लिई वा ज्यान मर्न सक्छ भन्ने जानी-जानी देहायबमोजिम गरी ज्यान मार्ने र त्यस्तो अपराध गर्न लगाउने मानिसलाई सर्वस्वसहित जन्मकैद वा मृत्युदण्डको सजाय गर्नुपर्छ ।

वायुयान वा सार्वजनिक यातायातको साधनलाई अपहरण गरी सो वायुयान वा सार्वजनिक यातायातको साधनमा रहेको कुनै मानिसलाई मारेमा वा त्यस्तो वायुयान वा सार्वजनिक यातायातको साधनलाई ध्वस्त गरी मानिस मारेमा – – – – – – – – १

सामूहिक रूपले ज्यान लिने हेतुले सार्वजनिक रूपमा बिक्री वितरण गरिने खाने वा पिउने पदार्थमा विष वा घातक विषालु पदार्थ हाली मानिस मारेमा – – – – – – – – २

कुनै दुर्घटना वा दैवी प्रकोपबाट पीडित भै असमर्थ अवस्थामा रहेका मानिसलाई मारेमा – – – – – – – ३

मानिसहरूको आवत-जावत र जमघट हुने सार्वजनिक स्थलमा वा यातायातको साधनमा वा मानिसहरू बसेको घर वा स्थानमा विष्फोटक पदार्थ राखी विष्फोटन गराई कुनै मानिसको ज्यान मारेमा– – – – ४

कुनै मानिसलाई अपहरण गरी वा बन्धक बनाई मुक्तिशुल्कको वा अन्य कुनै कुराको माग राखेकोमा सो माग पूरा नगरी दिए बापत अपहृत वा बन्धक बनाएको व्यक्ति वा अन्य कुनै मानिसको ज्यान लिएमा – – – – ५

लगातार लामो समयसम्म सास्ती शासना दिई अत्यन्त बर्बर र क्रूर तरीका अपनाई कसैको ज्यान मारेमा वा जथाभावी रूपले घातक हातहतियार प्रयोग गरी मानिसहरू मारेमा – – – – – – – ६"

३. <u>मूल ऐनको ज्यानसम्बन्धीको महलको १५ नम्बरमा संशोधन</u> : मूल ऐनको ज्यानसम्बन्धीको महलको १५ नम्बरको सट्टा देहायको १५ नम्बर राखिएको छः–

"१५ नं. ॥ ॥ ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछभने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गै वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ ।"

४. <u>मूल ऐनको ज्यानसम्बन्धीको महलको १६ नम्बरमा संशोधनः</u> मूल ऐनको ज्यानसम्बन्धीको महलको १६ नम्बरको सट्टा देहायको १६ नम्बर राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६४

"१६ नं. ॥ ॥ ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भै षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछभने दश वर्षदेखि पन्ध्र वर्षसम्म कैदको सजाय गर्नु पर्छ। ज्यान मर्न पाएको रहेनछभने पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ।"

लालमोहर सदर मितिः– २०४२।६।२३।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४२ सालको ऐन नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।